श्री लहरे उकाली सामुदायिक बन उपभेक्ता समुह
शितगंगा न.पा.१३ अर्घाखाँची

पत्र संख्या - २०८१/०८२
च. नं. - 90

मिति- २०८२/०१/१२

बिषय - वेभसाईटमा सुचना अपलोड गरिदिने बारे ।

श्री बन तथा बाताबरण मन्त्रालय, राप्ती उपत्यका देउखुरी दाङ ।
श्री बन निर्देशनालय बुटबल, रुपन्देही ।
श्री डिभिजन बन कार्यालय, अर्घाखाँची ।

उपरोक्त सम्वन्धमा यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना बमोजिम छपान भै डिभिजन बन कार्यालय अर्घाखाँचीको संकलन सहमती अनुसार संकलन भै घाटगद्धी गरी राखेको काठ/दाउरा समुह बाहिर लिलाम बिक्रि गर्ने सिलसिलामा यस समुहवाट मिति २०८२/०१/१२ गते देखि लागु हुने गरी पहिलो पटक २१ दिने सुचना समेत प्रकाशन भै सकेकोले सो सम्वन्धी पुर्ण बिवरणको सुचना यसै पत्र साथ सम्लग्न छ नियमानुसार कार्यालयको वेभसाईटमा अपलोड गरि दिनु हुन सादर अनुरोध छ ।

टान बहादुर बि.सि.
अध्यक्ष

अध्यक्ष

# श्री लहरे उकाली सामुदायिक वन उपभेक्ता समुह
## शितगंगा न.पा. १३ अर्घाखाँची
## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

अध्यक्ष

**प्रथम पटक प्रकाशित - २०८२/०१/१२ (बुटवल टुडे)**

यस सामुदायिक बनको स्वीकृत वन कार्ययोजना वमोजिम डिभिजन वन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १३ खुतखुते घाटगढीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोवार गर्ने उदेश्यले स्थायी लेखा नम्वर (PAN) र मुल्यअभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | साल | - | A | १९ | २५४.३४ | १२५०।- | |
| | | | B | ६९ | ५८९.२३ | ९००।- | |
| | | | C | १९२ | ४८८.६१ | ६००।- | |
| | | | D | ४४ | १०८.५० | ३००।- | |
| २ | असना | | A | २ | ३१.४७ | ४००।- | **कटान मुछान खर्च**<br>काठ रु.१८६।-प्रति क्यू.फि.<br>दाउरा प्रति चट्टा रु.१८१५०।- |
| | | | B | ६ | ५७.५६ | ३००।- | |
| | | | C | ३९ | १८५.८७ | १००।- | |
| ३ | जामुन | | A | २ | २९.७७ | ४००।- | |
| | | | B | २ | २२.०६ | ३००।- | |
| | | | C | ५ | ३५.३२ | १००।- | |
| ४ | बाँझी | | – | ६ | १३.०७ | १००।- | |
| ५ | साल दाउरा ४.०० चट्टा | | | | | १२०००।- | |

१. बोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/०२/०१ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/०२/०२ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय । (ख) डिभिजन वन कार्यालय अर्घाखाँची ।**

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको राष्ट्रिय बाणिज्य वैंक शाखा कार्यालय ४ नं. जितपुर कपिलबस्तुमा रहेको खाता नं. ३५३०१०००००६१८००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ **वा कम्तिमा ६ महिनाको बैंक ग्यारेन्टी ।**

**५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ ।**

६. लिलाम हुने वन पैदावार शितगंगा १३ खुतखुतेमा रहेको घाटगढीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८२/०२/०३ गते दिउसो ३.०० बजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।

८.लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्वर(PAN) र **डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१३. अन्य प्रचलित कानुन वमोजिम हुने छ ।

CamScanner